## विषादी प्रयोग पछाडी ध्यान दिनुपर्ने कुराहरू:




- विषादीको प्रयोग पश्चात खाली डब्बा वा रित्तो भाँडो वा कागजी पदार्थलाई सुरक्षित स्थानमा जलाएर वा गाडेर नष्ट गर्नुपर्छ ।
- विषादी छरिसकेपछि अनिवार्य रुपमा नुहाउने, छर्दा लगाएका कपडाहरु अलग्गै धुने व्यवस्था गर्ने ।
- प्रयोग गरेको भाँडा, उपकरणहरु जस्तैः स्प्रेयरलाई राम्ररी पानीले सफा गरेर भण्डारण गर्नुपर्दछ ।
- विषादी छरिसकेपछी पर्खनुपर्ने अवधि ख्याल गरी उक्त अवधिपछि मात्र बाली टिप्नुपर्दछ।
- विषादी छरेको सूचना आफ्नो खेतबारीमा राख्ने।

विषादी प्रयोग भएको खाली डब्बा वा भाँडो नष्ट गर्नुपूर्व राम्रोसंग सफा गर्दा तीनपटक पखाल्ने वा खोकल्ने प्रविधि (Triple Rinsing) अपनाउनुपर्दछ। यस विधिमा निम्न प्रक्रिया समाविष्ट हुन्छः

- विषादीको भाँडोबाट विषको अन्तिम थोपासम्म पनि स्प्रे ट्यांकीमा नै खनाउने प्रयास गर्नुपर्दछ ।
- त्यसपछि विषादीको भाँडोको एक चौथाई भाग पानीले भर्ने र त्यसपछि बिर्को लगाई हल्लाउने जसबाट त्यसको भित्री भाग पनि पानीबाट धोइन्छ ।
- यस प्रकार धोइएको पानीलाई स्प्रे ट्यांकीमा नै खन्याउने ।
- यो कार्य विधि दुई पटक दोहोर्याउने ।




विषादी छर्न प्रयोग गरिएको उपकरणहरु (स्प्रेयर, डस्टर) सफा गर्दा पनि यो विधि अपनाउनुपर्दछ। स्प्रे, नोजल र फिल्टरलाई अलग्याई बेग्ला बेग्लै सफा गरी धुनुपर्छ । स्प्रेयरमा फिंजावट र चुहावटको कारणबाट विषादी लाग्न सक्ने भएकोले स्प्रेयरको बाहिरी भाग तथा पानीको मात्रा नाप्ने उपकरण र बाल्टीन पनि धुनुपर्छ । यसरी उपकरणहरु धोएको पानी खोला वा सिंचाईको लागि पानी रहेको थलोमा पुग्न दिनुहुँदैन। यसबाट केटाकेटी, गाईभैंसी र अन्य पाल्तु जनावरहरूलाई प्रदूषित हुनबाट बचाउन सकिन्छ ।





"सबैको चाहना
विषादी मुक्त खाना"






# विषादी सचेतना अभियान-२०८१

## आ.व. २०८१/०८२

## कृषि ज्ञान केन्द्र, बाँके

CAUTION

## कृषि उपज उत्पादक/ विषादी प्रयोगकर्ताहरूलाई संदेश




बाली नालीमा शत्रुजीव व्यवस्थापन गर्न प्रयोग गरिने विषादीहरुको अत्यधिक प्रयोग र दुरुपयोगबाट सबैभन्दा बढी जोखिम प्रयोगकर्ताहरुलाई नै हुने गर्दछ। यसले लक्षित जीव मात्र नभई मानव शरीर, कीरा फट्याङ्गाहरू, अन्य वनस्पतिहरू तथा जीवजन्तुहरूलाई समेत असर पुर्याउने र प्रयोग भएको ठाउँ भन्दा धेरै परसम्म पुगि माटो, पानी र हावालाई समेत प्रदूषित पार्ने भएकोले अत्यन्त सावधानीपूर्वक विषादीहरुको प्रयोग गर्नुपर्दछ। अनावश्यक विषादीको प्रयोग गर्दा आर्थिक नोक्सानी हुने, विषादी प्रयोगकर्ता तथा उपभोक्ताको शरीरमा क्यान्सर, श्वासप्रश्वाससम्बन्धि रोग, पक्षघात, बाँझोपन आदि जस्ता गम्भीर समस्याको जोखिम बढ्ने, वातावरणमा लामो समयसम्म रही माटो, पानी, हावामा रहने जीवजन्तुहरुमा प्रत्यक्ष असर गर्ने जस्ता समस्या देखिन सक्छन् । त्यसैले विषादी प्रयोग गर्नुपर्ने अवस्था आएमा निम्न कुराहरुमा ध्यान दिनुपर्दछः

## विषादी छनौट गर्दा ध्यान दिनुपर्ने कुराहरूः



- बालीनालीमा देखिने समस्याहरु रोग, कीरा, खाद्यतत्वको कमि, निमाटोड आदिको कारणबाट हुन सक्छन् । एउटै विषादीले सबै समस्याको समाधान नहुने हुनाले नजिकैको कृषि प्राविधिक बाट समस्याको मूल कारण पत्ता लगाएर मात्र आवश्यकता अनुसार उपयुक्त सुरक्षित कीटनाशक, ढुसीनाशक, झारनाशक, ब्याक्टेरियानाशक आदि विषादी छनौट गर्ने ।
- सके सम्म विषादीको बट्टामा हरियो र निलो लेबल भएको सुरक्षित विषादी प्रयोग गर्ने ।
- विषादी खरिद गर्दा डब्बामा उत्पादन र म्याद सकिने मिति हेर्ने, म्याद गुज्रेको विषादी प्रयोग नगर्ने ।
- मौरी लगायतका परागशेचन गराउने कीरालाई असर नगर्ने विषादी छनौट गर्ने, विषादी छरे को सूचना आफ्नो खेतबारीमा राख्ने ।
- विषादी प्रयोग गर्नुपर्ने नै अवस्था आएमा पर्खनुपर्ने अवधि निश्चित गरेर मात्र विषादीको छनौट गर्ने । विषादी प्रयोग भएको कृषि उपज पर्खनुपर्ने अवधि नसकिंदै बजार नलैजाने ।
- बालीमा देखापर्ने धेरै समस्याहरुको व्यवस्थापन साबुनपानी, गाईको गहुँत, घरायसी वानस्पतिक विषादी, झोलमलले वा बजारमा उपलब्ध हुने जैविक तथा वानस्पतिक विषादीबाट हुन सक्ने भएकोले यस्ता सुरक्षित वैकल्पिक विधिलाई प्राथमिकता दिने, क्षतिको अवस्था हेरेर अन्तिम विकल्पको रुपमा मात्र रासायनिक विषादी प्रयोग गर्ने ।

## विषादी उपयोग गर्नु अगाडि ध्यान दिनुपर्ने कुराहरूः

- सकेसम्म सामान्य रुपले खतरनाक र सुरक्षित (प्रति किलोग्राम २००० भन्दा माथि एल.डी. ५० भएको) विषादी प्रयोग गर्नुपर्दछ ।
- विषादी छर्नुपूर्व करिव ४८ घण्टा भित्रमा पानी पर्ने संभावना भएमा विषादी नछर्ने, छर्ने पर्ने भएमा पानीले नपखाल्ने स्टिकर राखी छर्ने ।
- विषादी प्रयोग गर्नुपूर्व लेबल र अन्य पर्चाहरु राम्रोसंग पढ्ने र सो अनुसार पालना गर्ने/ गराउने ।
- विषादीलाई सुरक्षित ठाँउमा तालाबन्दी गरी राख्नुपर्दछ ।
- विषादीलाई केटाकेटीले नभेट्ने ठाउँमा र खाद्य पदार्थ देखि टाढा राख्नुपर्दछ ।
- विषादी प्रयोग गर्ने उपकरणहरु सहि अवस्थामा राख्नु पर्दछ ।
- उपकरणलाई काम गर्नु अगाडि र काम सकिएपछि जाँच गर्नुपर्छ र सुरक्षित रुपमा भण्डारण गर्नुपर्दछ ।

## मिश्रण बनाउँदा र छर्दा ध्यान दिनुपर्ने कुराहरूः



- विषादीको प्रयोग गर्नुभन्दा पहिले डब्बामा दिएको निर्देशन र सावधानीलाई राम्ररी पढी पालना गर्नुपर्छ ।
- विषादीले छालामा विष लाग्ने वा पोल्ने भएकोले सुरक्षात्मक पहिरन लगाउनु पर्छ, जस्तः पूरा बाहुलाको कमीज, लामो पतलुङ्ग वा पाइन्ट, मोजा, जुत्ता, चौडा किनारा भएको टोपी, हातमा रासायनिक पदार्थले असर नगर्ने रवरको पन्जा, मास्क, कृत्रिम श्वास उपकरण आदि ।
- विषादी प्रयोग गर्दा सहि मात्रामा मिश्रण तयार गरी सहि तरिकाले छर्नुपर्छ, जति दिनको फरकमा जति पटक विषादी स्प्रे गर्न सिफारिस गरिएको छ सो अनुसार मात्र छर्नुपर्दछ ।
- सके सम्म दुई वा सोभन्दा बढी विषादी मिसाएर कक्टेल मिश्रण स्प्रे गर्नुहुँदैन ।
- विषादी अन्य ठाँउमा नफैलियोस भन्नका लागि विषादीको प्याकेटलाई सावधानी पूर्वक खोल्नुपर्छ ।
- हावाको गति कम भएको बेलामा विषादी छर्ने गर्नुपर्दछ, हावाको विपरित दिशातर्फ कदापि छर्नु हुँदैन ।
- गर्मी ठाउँमा मध्य दिनमा कहिल्यै विषादी छर्नुहुँदैन ।
- विषादी छर्दै अगाडि बढ्नु हुँदैन, पछाडि सर्नुपर्छ ।
- विषादी छर्दा नोजल बन्द भएमा मुखले फुक्नु हुँदैन ।
- विषादीको प्रयोग गर्दागर्दै कुनै चिज खानु हुँदैन। जस्तैः धुम्रपान गर्नु ।
- विषादी छर्कदा टाउको दुख्ने वा वाक-वाक लाग्ने जस्तो हुन थाल्यो भने तुरुन्त काम छोडेर खुल्ला हावामा केहीबेर बस्नुपर्छ, यदि विष लागेको शंका लागेमा नजिकको अस्पताल वा स्वास्थ्य केन्द्रमा जँचाउनुपर्छ ।